आज मिति २०७७ साल कार्तिक ५ गते वुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: विभिन्न कार्यविधि तथा नियमावलीहरु पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२: थप स्टिल पोल माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.४: शुभकामना सन्देश सम्प्रेषण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: कोरोना बिमा सम्बन्धमा ।
प्रस्ताव नं.६: आन्तरिक सडकहरुको सरसफाई सम्बन्धमा ।
प्रस्ताव नं.७: कोभिड १९ को समीक्षा एवं नियमित सेवा सम्बन्धमा ।
प्रस्ताव नं.८: हालसम्मको आन्तरिक स्रोतको आय र करको दायरा विस्तार सम्बन्धमा ।
प्रस्ताव नं.९: जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१०: सुविधा समायोजन सम्बन्धमा ।
प्रस्ताव नं.११: सेवा बन्द गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: रकम भुक्तानी सम्बन्धमा ।
पस्ताव नं.१३: सम्झौता अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१४: भुक्तानी प्रक्रिया तथा खर्च अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा नेपालको संविधान, २०७७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकार बमोजिम यस व्यास नगरपालिका अन्तरगत लागु हुने गरी देहाय बमोजिमका नियमावली र कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।
(क) व्यास नगरपालिका नगर प्रहरी नियमावली, २०७७
(ख) व्यास नगरपालिका सवारी साधन तथा यातायात व्यवस्थापन कार्यविधि, २०७७

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा काठका विद्युत पोलहरु क्रमशः विस्थापन गरी स्टिलका पोलहरु प्रतिस्थापन गर्ने गण्डकी प्रदेश सरकारको नीति बमोजिम यस नगरपालिकामा हालसम्म प्राप्त स्टिल पोलहरु मध्ये के कति पोलहरु गाडिएका छन् र के कति पोलहरु गाड्न बाँकी छन् सोको वडागत विवरण सहित नपुग हुने पोलहरु (९ मिटर लम्वाइका स्टिल पोलहरु) उपलब्ध गराई दिन गण्डकी प्रदेश सरकारसँग माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धम छलफल हुँदा नेपाल सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत चालु आ.व.२०७७/०७८ को लागि यस नगरपालिका वडा नं.५ र ६ लागि जम्मा ९५ घर परिवारलाई र वडा नं.१, ४, ७ र १४ लाई २१९ घर परिवार समेत कुल ३१४ घर परिवारका कच्ची घरहरुमा छाना छाउन प्रति घरपरिवार रु.५०,०००। (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) का दरले रकम उपलब्ध गराउने गरी कार्यक्रम स्वीकृत भई आएकोमा सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धी कार्यविधि अनुसार सम्बन्धित वडाहरुका लाभग्राहीहरु छनौट गर्ने कार्यका लागि आगामी कार्तिक १६ का दिन सबै वडा कार्यालयबाट आवेदन माग सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धम छलफल हुँदा २०७७ सालको विजया दशमी तथा शुभ दिपालवली साथै नेपाल संवत् ११४१, इद, क्रिसमस, तमूल्होसार, माघी पर्व लगायतका चाडपर्वहरुको उपलक्ष्यमा सम्पूर्ण नगरवासीहरुको सुस्वास्थ्य, दीर्घायू एवं सम्वृद्धिका लागि हार्दिक शुभकामना सन्देश सम्प्रेषण गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा कोभिड १९ को जोखिम दिनानुदिन बढिरहेको सन्दर्भमा यस नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये हालसम्म कोरोना बिमा नभएका स्थायी साथै करार सेवाका कर्मचारीहरुको कोरोना बिमा गर्न आवश्यक रकम यस नगरपालिकाले व्यहोर्ने गरी अविलम्ब बिमा गराउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तरगतका विभिन्न आन्तरिक सडकहरुको सरसफाई गर्ने साथै प्राकृतिक प्रकोपबाट क्षति पुगेका अन्य पूर्वाधारहरुको पुर्नस्थापना गर्ने

सम्बन्धमा बृहत रुपमा छलफल गरियो । वडा नं.१० को विपद्‌बाट नोक्सान भएका आन्तरिक सडकहरु समेतको पुर्नस्थापना गरिएकोमा प्राविधिक अनुगमन पछि प्राप्त मूल्याङ्कनका आधारमा १० प्रतिशत लागत सहभागिता राखी भुक्तानी दिने र अन्य सरसफाई अन्तरगत वडागत बजेट समावेश गरी हुन नसकेमा रु.५०,०००। अक्षरुपी पचास हजार रुपैयाँको मापदण्डमा रही सरसफाई गराउन पूर्वाधार शाखालाई जिम्मेवारी तोन्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि यस नगरपालिकाबाट हालसम्म भएका काम कारवाही र कोभिड १९ सम्बन्धी अन्य तथ्याङ्कहरु सम्बन्धमा बृहत रुपमा समिक्षा गरियो । दिनानुदिन कोभिड १९ को संक्रमणको जोखिम बढिरहेको साथै हिन्दू धर्मावलम्बीहरुको महान् पर्व वडा दशैं र शुभ दिपावली समेत नजिकिदै गरेको सर्न्दभमा कोभिड १९ को संक्रमणबाट जोगिन चाडपर्वहरु मनाउँदा अत्यन्त सजग भई यथासक्य आफ्नो पारिवारिक दायरा भित्र मात्र सिमित रही मनाउने साथै स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पूर्ण रुपमा पालना गरेर मात्र हिंडडुल गर्न सम्पूर्ण नगरवासीहरुमा अपिल गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आन्तरिक स्रोत तर्फको हाल सम्मको आयका सम्बन्धमा समीक्षा गरियो । साथै आन्तरिक आय वृद्धिका लागि करहरुको दायरा विस्तार र वैकल्पिक श्रोतहरुको खोजी गरी आन्तरिक श्रोतको आयलाई थप मजवुत गराउने कार्यमा थप जिम्मेवार भई अगाडि बढ्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा विश्वभर महामारिको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमण यस नगरपालिकामा पनि समुदाय स्तरमा दिनानुदिन फैलिरहेको र सोको नियन्त्रणको लागि नगरपालिकाबाट अभियानकै रुपमा सो सम्बन्धी काम कारवाहीहरु अगाडि बढाइरहिएको सन्दर्भमा स्थानीय निजी अस्पतालहरुसँग समन्वय गरी एम्बुलेन्स सेवा लिई संक्रमितहरुलाई आइसोलेशन सम्म ओसार पसार गरी उपचार गर्नुको साथै PCR परीक्षणको स्वाव संकलन एवं ढुवानी जस्ता अत्यन्त संवेदनशील कार्यहरु सूचारु गरिदै आइरहिएकोमा पछिल्लो केही समय यता केही निजी अस्पतालहरुबाट अपेक्षाकृत रुपमा सहयोग हुन नसकेको हुँदा कार्यालयमा नै मौजुदा रहेको (उ.वा.संघ दमौली बजार इकाईबाट प्राप्त) सवारी साधनलाई उपयोग गरी उल्लेखित कार्यहरु गर्नुपर्ने भएको साथै सरसफाई कार्यको लागि खरिद गरिएको टिप्परमा चालक नहुँदा सरसफाई कार्य समेत प्रभावित हुन पुगेकोले आवश्यकता अनुसार दुवै सवारी साधनहरु चलाउने गरी साविक वरभन्ज्याङ गा.वि.स.वडा नं.९ हाल भानु नगरपालिका वडा नं.६ घर भई हाल व्यास नगरपालिका वडा नं.२ बस्ने काजीमान श्रेष्ठलाई मासिक रु.१८,०००। अक्षरुपी अठार हजार रुपैयाँ मात्र) पारिश्रमिक र अन्य करार कर्मचारीहरुले खाइपाई आए वरावरको सम्पूर्ण सेवा सुविधा उपलब्ध गराउने गरी करार सम्झौता गरी हेभी सवारी चालकका रुपमा काम काजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नरपालिकाको स्थायी दरबन्दीमा कार्यरत सवारी चालक तिर्थबहादुर तामाङ्गलाई आवास सुविधा वापत मासिक १०००। अक्षरुपी एक हजार रुपैयाँ मात्र) उपलब्ध गराइदै आएकोमा सोही बरावरको रकम हाल निजले खाईपाई आएको प्रोत्साहन भत्ता वापतको रकममा थप गरी मासिक रुपमा एकमूष्ठ रु.६,०००। (अक्षरुपी छ हजार रुपैयाँ मात्र) उपलब्ध गराउने गरी सुविधा समायोगन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा विद्यमान कोभिड १९ को प्रभाव एवं असर र नगरपालिकाका केही कर्मचारीहरु समेतमा संक्रमण देखिएकाले वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट प्रवाह गरिने अत्यावश्यक सेवा बाहेक अन्य सेवा मिति २०७७०७१२ देखि २०७७०७१४ गते ३ दिनसम्म बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा मादी रिभरमा इन्टिग्रेटेड डेभलपमेन्ट प्रोजेक्ट सम्बन्धमा प्रोजेक्टको वस्तुस्थिति अध्ययनको लागि आएको श्री Boazlock SMSS नामक परामर्शदाता कम्पनीका प्रतिनिधि मण्डलको लागि भएको आतेजाते तथा अन्य विविध खर्च वापत सम्पूर्ण करहरु सहित

एकमुष्ठ रु.५,००,०००। (अक्षरुपी पाँच लाख रुपैयाँ मात्र) बजेट शीर्षक नं.१५३ बाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बहुउद्देश्यीय भवनको १२२ नम्बरको सटर भाडामा लगाउने गरी कार्यालयबाट भएको पसलकवल भाडामा लिने दिने सम्बन्धी सम्झौता अनुमोदन गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आयोजना/कार्यक्रममा भएको खर्च तथा भुक्तानी प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्ययक्रमको नाम | थप भएको/ भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १. | तालघारे दुम्सीचौर मोटर मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण व्यास १० | ६८,३५६। | भेरिएसन स्वीकृत |
| २. | बैरेनी नयाँवस्ती वडा कार्यालय पहुँच मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण व्यास १० | १,५२,३८८। | भेरिएसन स्वीकृत (पहिरो पन्छाउने लगायतको कार्य) |
| ३. | जनसेवा प्रा.वि. फर्निसिङ | १,००,०००। | |
| ४. | मदर्शा प्रा.वि. | १,९८,०००। | |
| ५. | क्षेत्री समाज भवन क्वारेन्टिन निर्माण र व्यवस्थापन व्यास १ | १,४३,०००। | रकम थप |